जसले प्रत्येक नमाजपछि ‘सुब्हानअल्लाह्’ ३३ पटक, ‘अल्हम्दु-लिल्लाह्’ ३३ पटक, ‘अल्लाहु-अक्बर’ ३३ पटक, यो कुल ९९ पटक भयो, त्यसपछि ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ १ पटक भनेर १०० को संख्या पुरा गर्छ, उसका सम्पूर्ण पापहरू क्षमा गरिन्छन्, चाहे ती समुद्रको फिँज बराबर नै किन नहुन्। ”

अबू-हुरैरह (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ: "जसले प्रत्येक नमाजपछि ‘सुब्हानअल्लाह्’ ३३ पटक, ‘अल्हम्दु-लिल्लाह्’ ३३ पटक, ‘अल्लाहु-अक्बर’ ३३ पटक, यो कुल ९९ पटक भयो, त्यसपछि ‘ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ १ पटक भनेर १०० को संख्या पुरा गर्छ, उसका सम्पूर्ण पापहरू क्षमा गरिन्छन्, चाहे ती समुद्रको फिँज बराबर नै किन नहुन्। ”

[सही] [मुस्लिमले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले बयान गर्नुभएको छ कि जसले प्रत्येक अनिवार्य नमाजपछि ‘सुब्हानअल्लाह’ ३३ पटक, (अर्थात् अल्लाहलाई हरेक किसिमको अवगुण बाट पवित्र ठहर्याउनु)। ‘अल्हम्दु-लिल्लाह’ ३३ पटक, (अर्थात्, सम्पूर्ण सिद्ध गुणहरूको वर्णन गर्दै प्रेम र श्रद्धापूर्वक अल्लाहको प्रशंसा गर्नु)। ‘अल्लाहु-अक्बर’ ३३ पटक, (अर्थात अल्लाह सबै भन्दा महान र महिमाशाली हुनुहुन्छ) पढ्छ र त्यसपछि 'ला इलाह इल्लल्लाहु वह्दहू ला शरीक लहु, लहुल्मुल्कु व लहुल्-हम्दु वहुव अला कुल्लि शैइन् कदीर्’ (अर्थात्: अल्लाह बाहेक अरू कोही सत्य पूज्य छैन, उहाँ एक्लै हुनुहुन्छ, उहाँको कोही साझेदार छैन। सारा जगतका मालिक उहाँ नै हुनुहुन्छ। प्रेम र आदरका साथ सम्पूर्ण प्रशंसाहरू उहाँकै लागि हुन् र उहाँ सबै कुरा गर्न सक्षम हुनुहुन्छ) १ पटक भनेर १०० को संख्या पुरा गर्छ। जसले यी शब्दहरू भन्छ, उसका पापहरू क्षमा गरिन्छन्, चाहे ती पापहरू समुद्रमा छाल उठ्दा र उग्र हुँदा माथि देखिने सेतो फिँज जत्तिकै धेरै किन नहुन्।

http://www.sunnah.global/hadeeth/ne/show/10948